नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभाग**
हरिहरभवन, पुल्चोक, ललितपुर

मिति:- २०७५/०९/२०

# प्रेस विज्ञप्ती

## राजस्व चुहावटको कसुरमा अदालतमा मुद्दा दर्ता

**बैदेशिक रोजगारीमा कामदार पठाएबापत विदेशी कम्पनीबाट प्राप्त करयोग्य आय लुकाई राजस्व छली गरेको कसुरमा स्काई ओभरसिज सर्भिसेस प्रा. लि. (स्थायी लेखा नम्बर ५०००१३४०९) का संचालक बलबहादुर तामाङलाई विगो र जरिवाना रु. १९,५७,४३,५७२।५९ र ३ वर्ष कैद सजायँ मागदावी गरिएको ।**

स्काई ओभरसिज सर्भिसेस प्रा. लि. (स्थायी लेखा नम्बर ५०००१३४०९) महाराजगंज, काठमाण्डौका संचालक बल बहादुर तामाङको व्यक्तिगत खातामा बिभिन्न विदेशी कम्पनीहरुबाट आय रकम जम्मा भएको सम्बन्धमा राजस्व चुहावटको कसुरमा अनुसन्धान सुरु गरी प्रतिवादीले विभागमा गरेको बयान,बैंक खाताको विवरण, नियन्त्रणमा लिएका कागजात तथा अन्य प्रमाणहरुको अध्ययन एवं विश्लेषणको आधारमा स्काई ओभरसिज सर्भिसेज प्रा. लि. बाट बैदेशिक रोजगारीमा कामदार पठाएबापत विदेशी कम्पनीहरुबाट प्राप्त भएको आ. व. २०६६/०६७ देखि २०७३/०७४ सम्मजम्मा गराएको रकम कम्पनीको आयमा समावेश नगरी आयकर छली गरेको प्रमाणित भएकाले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण ) ऐन २०५२ को दफा ४ (क) र (ख)बमोजिमको कसुर गरेको देखिएकाले आयकर ऐन, २०५८ को दफा ४ सँग सम्बन्धित अनुसूची १ को दफा २(१) बमोजिम करयोग्य आयमा २५ प्रतिशतको दरले दाखिला गर्नुपर्ने आयकर, सोहि ऐनको दफा १२०(ख) बमोजिम शुल्क,दफा ११८ र ११९ बमोजिम ब्याज समेतले हुने जम्मा रु. ६,५२,४७,८५७।५३ राजस्व चुहावट गरेकाले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण ) ऐन २०५२ को दफा (२) (छ १) बमोजिम रु. ६,५२,४७,८५७।५३ बिगो कायम गरी निज प्रतिवादीलाई बिगो बापतको रकम असुल गरीसोहि ऐनको दफा २३ (१) बमोजिम बिगोको दोब्बर सम्म जरिवाना र तीन वर्ष सम्म कैद सजाय मागदावी गरी काठमाण्डौ जिल्ला अदालतमा मिति २०७५/०९/२० मा मुद्दा दायर गरिएको ।

| सि.नं. | अभियुक्तको नाम | विगो रकम | सजाय जरिवाना माग दावी | विगो र जरिवाना समेत जम्मा रकम | कैद माग दावी |
|---|---|---|---|---|---|
| १ | स्काई ओभरसिज सर्भिसेस प्रा. लि. (स्थायी लेखा नम्बर ५०००१३४०९) का संचालक बल बहादुर तामाङ | ६,५२,४७,८५७।५३ | १३,०४,९५,७१५।०६ | १९,५७,४३,५७२।५९ | तीन वर्ष |

प्रवक्ता
राजस्व अनुसन्धान विभाग